16th of Sept

यो आकाशवाणी गान्तोक हो

समाचार अनुशीला शर्माबाट सुन्नुहोस्

सम्पन्न

सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालय (MSME) को आयोजनामा आज गान्तोकको पर्यटन भवनमा पीएम विश्वकर्मा योजनाअन्तर्गत मार्केटिङ्ग समर्थन सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा जिल्ला उद्योग केन्द्र, राष्ट्रिय लघु उद्योग निगम (NSIC), इण्डिया पोस्ट र सिक्किम विश्वविद्यालयको सहकार्य रहेको थियो। 2023-को 17 सेप्टेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदीले सुरु गरेको यो योजना परम्परागत कारीगर र हस्तकला व्यवसायीलाई सबल बनाउनमा लक्षित छ। दोस्रो चरणमा कारीगरहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउनमा विशेष ध्यान दिइएको छ। आजको कार्यक्रममा विज्ञहरूले सरकारी पोर्टल ,अनलाइन बजार र सामाजिक सञ्जाल प्रयोग गरेर व्यवसाय विस्तार गर्ने तरिका बारे प्रशिक्षण दिएका थिए।

अधिकारीहरूले मार्केटिङ्ग समर्थन यस योजनाको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यसमार्फत कारीगरले भारतभित्र मात्र नभई अन्तर्राष्ट्रिय बजारमा पनि उत्पादन पुऱ्याउन सक्ने बताए।

सेवा पर्व'

'जनसेवा र सुशासन' को मन्त्रलाई आधार बनाई प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत सरकार निरन्तर प्रगतिशील कार्यमा जुटिरहेको छ। स्रोता विशेष श्रृंखला "सेवा पर्व" अन्तर्गत आज हामी सुन्नेछौं— कसरी मोदी सरकारले देशभर नवीकरणीय तथा स्वच्छ ऊर्जाको क्षेत्रमा उल्लेखनीय परिवर्तन र उपलब्धि हासिल गरेको छ। BYTEE

NSS MOHATSAV

पाँचदिने उत्तर–पूर्व एनएसएस महोत्सव 2025 आजबाट गान्तोकको मनन केन्द्रमा भव्य रूपमा सुरु भएको छ। खेलकुद तथा युवा मामिला विभाग अन्तर्गत सिक्किम राज्यको NSS सेलले भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालयसँगको सहकार्यमा यो महोत्सव आयोजना गरेको हो। मुख्य अतिथिको रुपमा उपस्थित मन्त्री राजु बस्नेतले यस्ता कार्यक्रमहरूले उत्तर–पूर्व राज्यबीच आपसी मित्रता र सांस्कृतिक आदानप्रदानलाई बलियो बनाउने उल्लेख गर्नुभयो। विभागकी सचिव याङ्छेन डी तामाङले सिक्किममा यस्तो महोत्सव आयोजना हुनु गौरवको विषय भएको बताउनुभयो। उद्घाटन कार्यक्रममा विभिन्न राज्यका सहभागीहरूले आकर्षक सांस्कृतिक प्रस्तुति पनि दिएका थिए।

SREDA

सिक्किम नवीकरणीय ऊर्जा विकास एजेन्सी (SREDA) को बोर्ड बैठक आज गान्तोक स्थित DPH कम्प्लेक्सको SREDA भवनमा सम्पन्न भयो।उर्जा विभागका सचिव तथा SREDA अध्यक्ष बिकास देवकोटाको अध्यक्षतामा बसेको बैठकमा पूर्वाधार सुदृढीकरण, प्रशासनिक सुधार र आगामी योजनाको रूपरेखाबारे विस्तृत छलफल भयो। बैठकले नियमित कार्यप्रणालीका विषयसँगै राज्यभर नवीकरणीय ऊर्जाबारे जनचेतना अभिवृद्धि र यसको प्रभावकारी कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको छ।

सुंगुर पालन

राष्ट्रिय पशुधन मिसन (NLM) 2025-26 अन्तर्गत आयोजित दुई दिने सुंगुर पालन तालिम तथा सीप विकास कार्यक्रमको समापन आज नाम्चेबोङ्गको ग्राम पञ्चायत हलमा सम्पन्न भयो।

पाकीम जिल्लाको पशुपालन तथा पशु चिकित्सा सेवा विभागद्वारा आयोजित उक्त तालिमको उद्देश्य किसानहरूको क्षमता अभिवृद्धि, सुंगुर पालनमा वैज्ञानिक विधिको प्रयोग, उद्यमशीलता प्रवर्द्धन, आयआर्जनका अवसर विस्तार, किसानबीच सहकार्य सुदृढीकरण र सरकारी योजनाका कार्यक्रमहरुको जानकारी प्रवाह गर्नु रहेको थियो।

AB-PMJAY

आयुष्मान भारत–प्रधानमन्त्री जन आरोग्य योजना (AB-PMJAY) अन्तर्गत घर–घरमा स्वास्थ्य सुरक्षाको सुविधा विस्तार गर्ने उद्देश्यले गेजिङ जिल्ला अन्तर्गतको लिङ्गचोम ग्राम पञ्चायत इकाइमा आज स्याचुरेशन क्याम्प आयोजना भयो। कार्यक्रम, जिल्ला अस्पताल गेजिङ्गका प्रमुख चिकित्सा अधिकृत डा. नाम्गे भुटियाको नेतृत्वमा, लिङ्गचोम ग्राम पञ्चायत इकाइ, आङनबाडी तथा लिङ्गचोम प्राथमिक स्वास्थ्य उपकेन्द्रको सहकार्यमा सम्पन्न भएको हो। क्याम्पमा 30 भन्दा बढी लाभार्थीले योजनाअन्तर्गत स्वास्थ्य सेवा प्राप्त गरेका छन्।